# गौरीगङ्गा नगरपालिका
# कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं४१८०५९-०९१: ., ४१८०६०
वेवसाइट:www.gaurigangamun.gov.np
ई : -info.gaurigangamun@gmail.com


पत्र संख्या : ०८२/०८३
चलानी नं. :

**पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव पेश गर्ने सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/०४/०६)

यस नगरपालिकालाई आ.व २०८२/०८३ को लागि आवश्यक पर्ने राष्ट्रिय तथा स्थानीय स्तरका पत्र पत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्न इच्छुक इजाजत प्राप्त विज्ञापन एजेन्सी, फर्म र प्रकाशन कम्पनी/संस्थाहरुले नियमानुसार दिन सक्ने छुट सहितको दररेट तपसिलका कागजपत्रहरुसहित सिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। कार्यालयले प्राप्त सबै प्रस्तावहरूमध्ये उपयुक्त, प्रतिस्पर्धात्मक र न्यूनतम दर प्रस्ताव गर्ने एजेन्सी/फर्मलाई छनौट गर्नेछ । साथै प्रस्तावहरू स्वीकृत वा अस्वीकृत गर्ने पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

अन्तिम पेश गर्ने मितिः २०८२/०४/२१, अपरान्ह १२:०० बजेभित्र
प्रस्ताव खोल्ने मितिः २०८२/०४/२१, दिउँसो २:०० बजे
प्रस्ताव खोल्ने स्थानः गौरीगंगा नगरपालिकाको कार्यालय, चौमाला, कैलाली

...............
हरीश पन्त
उप-सचिव

उपसचिव
गौरीगङ्गा नगरपालिका

आवश्यक कागजातहरु

- संस्था / एजेन्सी अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र ।
- अद्यावधिक/नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र ।
- आर्थिक प्रस्ताव फाराम दस्तुर वापत रु.१०००/-यस कार्यालयको खातामा जम्मा गरेको भौचर ।
- मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र ।
- स्थायी लेखा नम्बर (PAN)/मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणित प्रमाणपत्र।
- आ. व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण पत्र ।
- विज्ञापन बोर्डमा दर्ता तथा नवीकरण भएको प्रतिलिपि ।
- निवेदन ।

नोटः- प्रस्ताव फाराम यस कार्यालयको **Website:** www.gaurigangamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ

उपसचिव
गौरीगङ्गा नगरपालिका

## सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छूट सम्बन्धी आर्थिक प्रस्ताव फारम ।

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
गौरीगंगा नगरपालिका
चौमाला कैलाली,

तहाँ कार्यालयबाट पत्रपत्रिकामा विभिन्न सुचना प्रकाशन गर्ने प्रयोजनार्थ छूट सम्बन्धी प्रस्ताव माग भए बमोजिम संलग्न फाराममा उल्लेखित कार्यक्षेत्रगत लगायतका शर्तहरुको अधिनमा रही पत्रपत्रिकाहरुमा सुचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रस्ताव पेश गरेका छु ।

| क्र.स | विवरण | दर रेट (प्रति सी.सी ) | एकमुष्ट छुट प्रतिशत | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| A) | राष्ट्रिय दैनिक पत्रिका | | | |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| B) | स्थानीय दैनिक पत्रिका | | | |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

नोट :
१) छूट प्रतिशत सम्बन्धित पत्रपत्रिकाको आधिकारिक रुपमा प्रकाशित दर रेटमा लागू हुनेछ ।
२) छूट प्रतिशत सम्झौता भएपश्चात २०८३ असाढ मसान्तसम्मको लागि लागू हुनेछ ।
३) आधिकारीक रुपमा प्रकाशित दररेटमा उल्लेखित कवोल छूट रकम घटाएपछि आउने रकममा नियमानुसार कर/मुल्य अभिवृद्धि कर लाग्नेछ ।

प्रस्तावकको नाम :

हस्ताक्षर :

फर्मको छाप :

मिति :

मोवाईल नम्वर:

गौरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

उपसचिव
गौरीगङ्गा नगरपालिका

# सामान्य जानकारी तथा सर्तहरु

## क). प्रस्ताव पेश गर्ने प्रस्तावदातालाइ निर्देशन

१) आर्थिक प्रस्ताव फाराम दस्तुर वापत रु.१०००/- NIC ASIA Bank, चौमाला शाखा कार्यालयमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०७१२०५००२८०६२००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको नगदी रसिद साथ निवेदन पेश गरी तोकिएको फाराम दस्तुर जम्मा गरेको भौचरलाई सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ ।

२) खरिद गरेको आर्थिक प्रस्ताव फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोपराईटरको नाम, ठेगाना, फोन नं . मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दास्रो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र गौरीगंगा नगरपालिका कार्यालयमा दर्ता गर्नुपर्नेछ।

३) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको आर्थिक प्रस्ताव अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक प्राप्त आर्थिक प्रस्ताव सम्बन्धी कागजातहरू प्रस्ताव पेश गर्ने अन्तिम दिनको दिउँसो २:०० बजेपछि व्यवसायी वा निजका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै, आर्थिक प्रस्तावदाता वा निजका प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन। यदि सो दिन सार्वजनिक बिदा परेमा, उक्त कार्य बिदापछिको पहिलो कार्यालय खुल्ने दिनमा सम्पादन गरिनेछ। ।

४) आर्थिक प्रस्ताव सम्बन्धी विस्तृत जानकारी आर्थिक प्रस्ताव सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका आर्थिक प्रस्ताव स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । आर्थिक प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५) प्रस्तावदाताले आर्थिक प्रस्तावको वाहिरपट्टी शीरमा "गौरीगंगा नगरपालिकाको लागि पत्रपत्रिकामा सुचना प्रकाशन गर्ने प्रयोजनार्थ छूट सम्बन्धी प्रस्ताव "भन्ने लेखी श्री प्रमुख प्रशासकीय अधिकृत, गौरीगंगा नगरपालिका चौमाला ,कैलाली सम्वोधन गरेको हुनुपर्नेछ ।

६) प्रस्तावदाताले छूट दिन प्रस्ताव गरेको प्रतिशत अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नू पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

७) आर्थिक प्रस्ताव पेश गर्ने समयमा प्रस्तावदाताले प्रस्ताव सहित तोकिएका पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकाशित गरेको दररेट समेत पेश गर्नूपर्नेछ ।

८) पेश भएका सम्पुर्ण कागजातहरुमा प्रस्तावदाताले रीतपुर्बक दस्तखत गरी आफ्नो फर्म/कम्पनीको छाप लगाउनू पर्नेछ ।

९) प्रस्ताव सम्बन्धी फाराममा उल्लेख भएका शर्तहरु बाहेक प्रस्तावदाताले आफ्नै तर्फबाट कूनै शर्त राखी आर्थिक प्रस्ताव पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०) प्रस्तावदाताले पेश गरेको आर्थिक प्रस्ताव स्वीकार गर्ने/नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा रहने छ ।

CamScanner

११) रित नपूगेका र तोकिएका कागजातहरु संलग्न भई नआएका प्रस्तावहरु रद्द गरिनेछ।
१२) प्रस्ताव सम्वन्धी कूनै कूरा बूझ्नूपरेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

उपसचिव
गौरीगङ्गा नगरपालिका

ख). प्रस्तावदाताले कार्य सम्पादनका सिलसिलामा पालना गनूपर्ने कार्यक्षेत्रगत शर्तहरुः

१) कवोल छूट प्रतिशत सम्बन्धित पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकाशित गरेको दररेटमा लागू हूनेछ । सम्बन्धित पत्रपत्रिकाले प्रकाशित दररेटमा कूनै परिवर्तन गरेमा सोको जानकारी प्रस्तावदाताले यथासम्भव छिटो यस कार्यालयलाइ जानकारी गराउनूपर्नेछ ।
२) सम्बन्धित पत्रपत्रिकाले सुचना प्रकाशित गर्ने सम्बन्धमा कूनै किसिमको विशेष योजना ल्याएमा सो (छुट)मबोजिमको थप छुट यस कार्यालयलाई समेत उपलब्ध गराउनुपर्नेछ ।
३) प्रकाशन गनूपर्ने सुचना यस कार्यालयले दिएको लिखित आदेश बमोजिम तोकिएको मिति, समय र पृष्ठमा मात्र प्रकाशन गर्नूपर्नेछ ।
४) यस कार्यालयले दिएको आदेश विपरित प्रकाशित समाग्रीको रकम यस कार्यालयले भूक्तानी गर्ने छैन ।
५) सामान्यतया सुचना प्रकाशनको लागि प्रकाशन गर्ने दिनको १ दिन वा सो दिनअगावै यथा समयमै लिखित आदेश र सुचना उपलब्ध गराइने छ । तर आकस्मिक रुपमा सुचना प्रकासन गर्न पर्ने भएमा उपलब्ध समयलाई ध्यान दिई आपसी समन्वयमा तत्काल सो दिनको भालिपल्ट प्रकाशन गर्ने ब्यवस्था मिलाउन पर्नेछ ।
६) स्वीकृत प्रस्तावदाताले प्रकाशित गर्नूपर्ने सुचना यस कार्यालयले तोकेको ठाउमा गई संकलन गर्नुपर्नेछ ।
७) स्वीकृत प्रस्तावदाताले कार्य सम्पन्न भएपछि सो वापतको विल यस कार्यालयमा पेश गर्नू पर्नेछ ।
८) स्वीकृत प्रस्तावदाताको सेवा सन्तोषजनक नलागेको अवस्थामा कूनै पनि वखत १५ दिनको लिखित जानकारी दिएर सम्झौता भंग गर्न सकिनेछ ।

ग). प्रस्तावदाताले प्रस्ताव पेश गर्दा देहायका कागजातहरु पेश गर्नू पर्नेछ।

१) प्रस्तावदाताले यस कार्यालयको  राष्ट्रिय स्तरको सुचना प्रकाशन गर्न गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, अन्नपुर्ण पोस्ट, नेपाल समाचारपत्र, नया पत्रिका , कारोवार, राष्ट्रीय अभियान, The Rising Nepal, The Kathmandu Post, Republica, The Himalayan Time, मध्यान्ह राष्ट्रिय दैनिक लगायतका अन्य पत्रपत्रिकाको लागि आधिकारिक रुपमा एजेन्सीको रुपमा कार्य गर्न प्राप्त गरेको नवीकरण भएको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नू पर्नेर्छ ।
२) प्रस्तावदाताले उपरोक्तानूसारको पत्रपत्रिकाको विज्ञापनको साइज सहितको आधिकारिक दररेटको पम्राणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नू पर्नेछ ।
३) संस्था र एजेन्सी अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र
४) अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र,
५) मूल्य अभिवृद्धि करमा (VAT) दर्ताको प्रमाणित प्रमाणपत्र,
६) स्थायी लेखा नम्बर(PAN)  प्रमाणित प्रमाणपत्र,
७) आ.व २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण पत्र,
८) विज्ञापन बोर्डमा दर्ता तथा नविकरण भएको प्रतिलिपि
९) निवेदन

CamScanner

गौरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

उपसचिव
गौरीगङ्गा नगरपालिका

घ). मुल्याङ्कन सम्बन्धी व्यवस्था

१) प्रस्तावदाताले पेश गरेको छूट प्रतिशत अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

२) तोकिएका प्रत्येक पत्रपत्रिकाको लागि छूट्टाछूट्टै रुपमा मुल्याङ्कन गरिनेछ ।

३) "तोकेको कागजातहरू संलग्न गरी कार्यक्षेत्रगत शर्तहरूअनुसार कार्य गर्न इच्छुक प्रस्तावदाताहरूमध्ये छुट, समायोजन, घटाइएको दर र बढी छुट प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्तावलाई प्राथमिकता दिइनेछ।"

ङ). भूक्तानी सम्वन्धी व्यवस्था

१) स्वीकृत प्रस्तावदातावाट कार्य सम्पन्न पश्चात पेश हून आएको विलको भुक्तानी **EFT System** बाट गरिनेछ। पेश्की तथा आशिंक रुपमा रकम उपलव्ध गराइने छैन ।

२) प्रस्ताव सम्वन्धी फाराममा उल्लिखित कबोल छूट प्रतिशत सम्झौता भएको मितिले २०८३ असाढ मसान्त सम्मका लागि कायम रहने छ ।

च). विविध व्यवस्था

१) प्रचलित कानुन वमोजिम बूझाउनू पर्ने कर तथा दस्तूर प्रस्तावदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

२) प्रस्ताव सम्वन्धी अन्य कूराहरु सार्वजनिक खरिद ऐन, २०६३ र प्रचलित कानुन वमोजिम हुनेछ ।